# गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशुल्क हवाई उद्धार सेवा सम्बन्धी कार्यविधि, २०८०

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशुल्क हवाई उद्धार सेवा सम्बन्धी कार्यविधि, २०८०

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>

२०८०।१०।०४

**<u>प्रस्तावनाः</u>** नेपालको संविधानको धारा ३८ को उपधारा (२) बमोजिम प्रदेशभित्र बसोबास गर्ने प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हकको सुनिश्चितता गरी महिला, गर्भको शिशु र नवजात शिशुलाई मृत्यु हुनबाट बचाउनका लागि "गर्भवती र सुत्केरी अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशुल्क हवाई उद्धार सेवा" कार्यक्रम कार्यान्वयनका लागि कार्य विधिगत व्यवस्था गर्न आवश्यक भएकोले,

प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ बमोजिम बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशुल्क हवाई उद्धार सेवासम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मिति देखी लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले ज्यान जोखिममा परेका गर्भवती तथा प्रसूति अवस्थाका महिलाहरूको लागि निःशुल्क हवाई उद्धार सेवा कार्यक्रमलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य निर्देशनालयलाई सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्रका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाँउपालिकालाई सम्झनु पर्छ।

(च) "प्रसूति" भन्नाले गर्भधारणदेखि बच्चा जन्मिनु पूर्वसम्मको अवधिलाई सम्झनु पर्छ।

(छ) "प्रसूति" भन्नाले महिलाले बच्चा जन्माए देखि ४२ दिनभित्रको अवधिलाई सम्झनु पर्छ।

(ज) "ज्यान जोखिममा परेका गर्भवती तथा प्रसूति महिला" भन्नाले अनुसूची-१ बमोजिमको अवस्थाका महिलालाई सम्झनु पर्छ।

(झ) "हवाई उद्धार" भन्नाले ज्यान जोखिममा परेका गर्भवती तथा प्रसूति महिलालाई हेलिकप्टरबाट चिकित्सकले सिफारिस गरे अनुसारका अस्पतालसम्म पुऱ्याउने कार्यलाई सम्झनु पर्छ।

(ञ) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भई सेवा प्रदान गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ट) "नवजात शिशु" भन्नाले जन्मेदेखि २८ दिनभित्रका शिशुहरुलाई सम्झनु पर्छ।

(ठ) "स्त्री तथा प्रसुति रोग विशेषज्ञ" भन्नाले स्त्री तथा प्रसुती रोगसम्वन्धी विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी विशेषज्ञता हासिल गरेका सम्बन्धित परिषद्मा दर्ता भइ सेवा प्रदान गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(ड) "दक्ष प्रसूतिकर्मी" भन्नाले मिड्वाइफ वा अ.न.मी. वा स्टाफ नर्स वा एम.बी.बी.एस. अध्ययन गरी मान्यता प्राप्त संस्थाबाट SBA/ASBA तालिम प्राप्त स्वास्थ्यकर्मी तथा DGO, MDGP, MD Obstetrics/Gynaecology सम्वन्धी अध्ययन तथा तालिम प्राप्त गरेका स्वास्थ्यकर्मीलाई सम्झनु पर्छ।

(ढ) "हवाई साधन" भन्नाले हेलिकप्टर (रोटोर विङ्स) लाई सम्झनु पर्छ।

(ण) "विशेष परिस्थिति" भन्नाले बाढी-पहिरो, भूकम्प, हावा-हुरी, हुण्डरी, लगायतका विपद् तथा अन्य मनासिव र विशेष कारणले गर्दा सडक संजाल अवरुद्ध भई सडक यातायातका साधन सञ्चालन हुन नसकेको परिस्थितिलाई सम्झनु पर्छ।

(त) "समन्वय समिति" भन्नाले दफा ७ बमोजिमको हवाई उद्धार सेवा समन्वय समितिलाई सम्झनु पर्छ।

(थ) "महिला" भन्नाले गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलालाई सम्झनु पर्छ।

(द) "सरकारी स्वास्थ्य संस्था वा अस्पताल" भन्नाले प्रादेशिक अस्पताल, स्थानीय तहका अस्पताल,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्राथमिक स्वास्थ्य केन्द्र र बर्थिङ्ग सेन्टरलाई सम्झनु पर्छ।

## परिच्छेद- २

## <u>सेवाले समेट्ने क्षेत्र, संस्था छनौट र लक्षित व्यक्ति</u>

३. **<u>हवाई उद्धार सेवाले समेट्ने क्षेत्रः</u>** (१) हवाई उद्धार सेवाले बागमती प्रदेशको एघार वटा जिल्लाका सबै स्थानीय तहहरू समेट्नेछ।

(२) उपदफा (१) बमोजिमका बागमती प्रदेशमा रहेका ११ जिल्लालाई भौगोलिक अवस्थाको आधारमा देहाय बमोजिम वर्गीकरण गरिएको छः-

| **हिमाली जिल्ला (५)** | **पहाडी जिल्ला (२)** | **भित्रि मधेशका जिल्ला (३)** | **उपत्यकाका जिल्ला (१)** |
|---|---|---|---|
| • दोलखा<br>• रसुवा<br>• सिन्धुपाल्चोक<br>• धादिङ<br>• रामेछाप | • काभ्रेपलान्चोक<br>• नुवाकोट | • चितवन<br>• सिन्धुली<br>• मकवानपुर | • ललितपुर |

४. **<u>हवाई उद्धार सेवा प्रदायक संस्थाको छनौट प्रक्रियाः</u>** (१) हवाई उद्धार सेवा प्रदान गर्नका लागि हवाई उद्धार सेवा प्रदायक संस्था निर्देशनालयले छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हवाई उद्धार सेवा प्रदायक संस्थाको छनौट देहाय बमोजिम हुनेछः-

(क) निर्देशनालयले हवाई उद्धार सेवा प्रदान गर्नका लागि कार्यक्षेत्रगत शर्त (टर्मस अफ रेफरेन्स) र स्पेशिफिकेसन तयार गर्नुपर्नेछ।

(ख) खण्ड (क) बमोजिम तयार भएको कार्यक्षेत्रगत शर्त र स्पेशिफिकेसन बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी हवाई सेवा प्रदायक संस्थाहरूलाई हवाई उद्धार सेवा प्रदान गर्नका लागि प्रस्ताव आव्हान गरी सूचीकृत गर्नु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिम सूचीकृत भएका हवाई सेवा प्रदायक संस्थाहरूबाट सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया अपनाई प्रस्ताव माग गर्ने, प्रस्ताव स्वीकृत गर्ने र सम्झौता गर्नु पर्नेछ।

(घ) खण्ड (ग) बमोजिम सम्झौता गरिएको हवाई सेवा प्रदायक संस्थाले आवश्यकता बमोजिम हवाई उद्धार सेवा उपलब्ध गराउनु पर्नेछ।

(ङ) खण्ड (ग) बमोजिम सम्झौता गरिएको हवाई सेवा प्रदायक संस्थाले हवाई उद्धार सेवा तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित सम्झौता भएको हवाई सेवा प्रदायक संस्थाले नै सम्झौता बमोजिम अन्य हवाई सेवाको व्यवस्था तत्काल गर्नुपर्नेछ।

(च) खण्ड (ग) बमोजिम सम्झौता गरिएको हवाई सेवा प्रदायक संस्थाले खण्ड (ङ) बमोजिम उद्धारको लागि अन्य हवाई सेवाको व्यवस्था गर्न नसकेमा तथा उद्धारको समयमा तत्काल जवाफ नदिएमा निर्देशनालयले तत्काल उपलब्ध हुन सक्ने खण्ड (ख) बमोजिम सूचीकृत भएका हवाई सेवा प्रदायक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

संस्था मध्येबाट सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही हवाई उद्धार सेवा उपलब्ध गराउन बाधा पर्ने छैन।

५. **<u>हवाई उद्धार सेवा प्राप्त गर्ने लक्षित व्यक्ति तथा अवस्था</u>:** (१) यस कार्यविधि बमोजिम हवाई उद्धार सेवा देहायका अवस्थाका महिलालाई मात्र प्रदान गरिनेछ:-

(क) सरकारी स्वास्थ्य संस्था वा अस्पतालबाट सेवा लिइरहेका र सो स्वास्थ्य संस्था वा अस्पतालमा महिलाको उपचार सम्भव नभई तत्काल आकस्मिक उपचार गरी ज्यान जोगाउनु पर्ने अवस्था भएको भनी स्वास्थ्यकर्मी वा चिकित्सकबाट प्रेषण र सिफारिस भएका अनुसूची-१ मा तोकिए बमोजिमको अवस्था।

(ख) सडक यातायात अवरुद्ध भइ तत्काल एम्बुलेन्स मार्फत प्रेषण गरिएको स्वास्थ्य संस्था वा अस्पतालसम्म पुऱ्याउन अन्य विकल्प नरहेको अवस्था।

(ग) प्रादेशिक अस्पतालहरूमा रहेका विशेषज्ञ चिकित्सकहरूले महिलाको ज्यान जोखिममा रहेको र हवाई उद्धार मार्फत ज्यान जोगाउन सकिन्छ भनी सिफारिस भएको अवस्था।

(२) उपदफा (१) बमोजिमको अवस्था भएमा महिलालाई सेवा प्रदान गरिरहेको सम्बन्धित स्वास्थ्य संस्था वा अस्पतालले तुरुन्त निर्देशनालयमा हवाई उद्धार सेवा उपलब्ध गराउन जानकारी गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) दफा ३ बमोजिम उपत्यका भित्रका जिल्लाका महिलालाई हवाई उद्धार सेवा प्रदान गरिनेछैन।

तर ती जिल्लाका त्यस्ता महिलालाई दफा ३ बमोजिम अन्य वर्गीकरण भित्रको जिल्लाका अनुसूची-२ बमोजिमको अस्पतालमा सेवा उपलब्ध गराउन हवाई उद्धार सेवा प्रदान गर्न कुनै बाधा पर्नेछैन।

६. **हवाई उद्धार सेवा प्राप्त गर्ने प्रक्रियाः** हवाई उद्धार सेवा प्राप्त गर्न निर्देशनालय, सेवा प्रदायक स्वास्थ्य संस्था वा अस्पताल र सेवाग्राहीले देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) समन्वय समितिको संयोजक वा सदस्य सचिवले हवाई उद्धार सेवाका लागि सिफारिस भएको गर्भवती तथा प्रसूति अवस्थाको महिलाको हवाई उद्धार सेवा आवश्यक रहे नरहेको सम्बन्धमा तोकिएका स्त्री तथा प्रसूति रोग विशेषज्ञसँग आवश्यक जानकारी लिई यकिन गर्नुपर्नेछ।

(ख) सेवा प्रदायक स्वास्थ्य संस्था वा अस्पताल वा स्वास्थ्यकर्मी वा चिकित्सकले ज्यान जोखिममा छ भनी प्रेषण सिफारिस गरेमा हवाई उद्धार गर्नुपर्ने महिला वा निजका एकाघरका सदस्य वा नजिकका नातेदारले अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(ग) दफा ५ बमोजिम हवाई उद्धार सेवा प्रदान गर्नुपर्ने अवस्थामा सेवा प्रदायक स्वास्थ्य संस्था वा अस्पतालले हवाई उद्धार सेवाका लागि समन्वय समितिबाट तोकिएका स्त्री तथा प्रसूति रोग

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

विशेषज्ञसँग को परामर्शमा स्वास्थ्य संस्थाको सेवा सम्बन्धी पुर्जी, उद्धार गर्नुपर्ने महिलाको परिचय खुल्ने कागजात, सेवा प्रदायक स्वास्थ्य संस्थाको प्रेषण पुर्जी सहितको पुर्जी अनुसूची-४ बमोजिमको ढाँचामा लिखित सिफारिसपत्र निर्देशनालयमा पठाउनु पर्नेछ।

(घ) सदस्य सचिवले संयोजकसँग समन्वय गरी हवाई उद्धार सेवा प्रदान गर्ने दफा ४ बमोजिम छनौट भइ सम्झौता भएको हवाई सेवा प्रदायक संस्थालाई हवाई उद्धार सेवा प्रदान गर्न आदेश दिनुपर्नेछ।

७. **समन्वय समिति**ः (१) हवाई उद्धार सेवा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न र हवाई सेवा प्रदायक संस्था एवं अन्य सम्बन्धित निकायहरूसँग समन्वय गर्नको लागि हवाई उद्धार सेवा सम्बन्धी समन्वय समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको हवाई उद्धार सेवा समन्वय समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछनः-

(क) निर्देशक, निर्देशनालय -संयोजक

(ख) कानून अधिकृत, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, मन्त्रालय -सदस्य

(घ) अब्स. गाइने/एम.डी.जी.पी. विशेषज्ञ -सदस्य

(ङ) प्रमुख, नर्सिङ सेवा व्यवस्थापन शाखा, निर्देशनालय -सदस्य सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय

८. **समन्वय समितिको काम, कर्तव्य र अधिकार**ः हवाई उद्धार सेवा सम्बन्धी समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) हवाई उद्धार सेवा सम्बन्धी मन्त्रालयले गरेका निर्णय कार्यान्वयन गर्ने,

(ख) स्वास्थ्य संस्था वा अस्पतालहरूसँग समन्वय र सहकार्य गर्ने,

(ग) अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त सिफारिसको आधारमा हवाई उद्धार सेवा उपलब्ध गराउन भएको आदेशहरूलाई अनुमोदन गर्ने,

(घ) हवाई उद्धार सम्बन्धमा आइपरेका समस्यालाई विश्लेषण गरी आवश्यक निर्णय गर्ने,

(ङ) निःशुल्क हवाई उद्धार कार्यक्रमको प्रचार प्रसार गर्न सहजीकरण गर्ने

(च) हवाई उद्धारसँग सम्बन्धित निकायसँग समन्वय गरी हवाई उद्धारलाई प्रभावकारी बनाउने र यससँग सम्बन्धित अन्य आवश्यक कार्यहरू गर्ने।

९. **समन्वय समितिको सदस्य सचिवको भूमिका**ः सदस्य सचिवको भूमिका देहाय बमोजिम हुनेछः-

(क) हवाई उद्धारका लागि सूचना प्राप्त गर्नासाथ समितिको संयोजकलाई जानकारी गराउने,

(ख) हवाई उद्धार सेवा उपलब्ध गराउनका लागि समितिको संयोजकको सहमतिमा हवाई सेवा प्रदायक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

संस्थालाई आदेश दिने र प्रेषण गर्ने स्वास्थ्य संस्थासँग आवश्यकता अनुसार समन्वय गर्ने,

(ग) हवाई उद्धारका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने,

(घ) हवाई उद्धारको लागि सेवा प्रदायक संस्थालाई आदेश दिएपछि गन्तव्य अस्पतालमा उपचार व्यवस्थापनको लागि आवश्यकता अनुसार समन्वय गर्ने,

(ङ) हवाई उद्धार सेवा लिई अस्पतालमा भर्ना भएका गर्भवती र प्रसूति अवस्थाका तथा नवजात शिशुको उपचार तथा डिस्चार्ज भएको विवरण सङ्कलन गरी अभिलेखीकरण गर्ने,

(च) हवाई उद्धार सेवाको भुक्तानी प्रक्रियाको लागि सहजीकरण गर्ने,

(छ) समितिले तोकेका अन्य कार्यहरू गर्ने।

१०. **<u>बैठक सम्बन्धी व्यवस्था</u>:** समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) संयोजकको निर्देशन बमोजिम सदस्य सचिवले समितिको बैठक बोलाउन सक्नेछ।

(ख) बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) सदस्य सचिवले बैठक बस्नु अगावै बैठकमा छलफल गर्ने विषयवस्तु सहित सबै सदस्यहरूलाई समयमा नै सूचना दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) बैठकमा आवश्यकता अनुसार विषय विज्ञ एवं सरोकारवालालाई संयोजकको निर्देशन बमोजिम सदस्य सचिवले बोलाउन सक्नेछ।

(ङ) बैठकमा बहुमतको राय मान्य हुनेछ र यदि मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(च) आफ्नो काम, कर्तव्य र अधिकार आवश्यकता अनुसार संयोजकले अन्य सदस्यलाई प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ र सो अधिकार प्रयोग गरी भएका कार्यहरू संयोजकले बैठकमा जानकारी गराउनु पर्नेछ।

(छ) बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था समिति आफैले निर्धारण गरी कार्यान्वयन गर्न सक्नेछ।

**परिच्छेद- ३**

**हवाई उद्धार सेवा सञ्चालनमा निकायगत भूमिका**

११. **स्वास्थ्य निर्देशनालयको भूमिकाः** स्वास्थ्य निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) महिलाहरूको हवाई उद्धार गर्ने सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम स्वीकृतिका लागि सिफारिस गर्ने,

(ख) हवाई उद्धार सेवा सम्बन्धमा आईपरेका समस्या र चुनौतीहरूका विषयमा छलफल गरी समाधान गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) हवाई उद्धार सम्बन्धमा आईपरेका आकस्मिक समस्या समाधानका लागि सरोकारवाला निकायहरूसँग समन्वय गर्ने,

(घ) हवाई उद्धार सम्बन्धमा स्वीकृत नीति, योजना र कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा अनुगमन गर्ने,

(ङ) अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त सिफारिसको आधारमा हवाई उद्धार सेवा उपलब्ध गराउने निर्णय गर्ने,

(च) महिलाको स्वास्थ्य स्थिति र अस्पतालमा उपलब्ध सुविधालाई ध्यानमा राखि तत्काल तोकिएको अस्पतालमा हवाई उद्धार गरी लैजानको लागि व्यवस्था मिलाउने,

(छ) हवाई उद्धारको लागि सेवा प्रदायक संस्थालाई आदेश दिइसकेपछि गन्तव्य अस्पतालमा सो व्यहोराको जानकारी गराई आवश्यक व्यवस्थापन गर्ने,

(ज) हवाई उद्धार सम्बन्धमा आकस्मिक रूपमा आइपरेका समस्यालाई विश्लेषण गरी आवश्यक निर्णय लिने,

(झ) हवाई उद्धार परामर्शका लागि कम्तीमा ३ जना स्त्री तथा प्रसूति रोग विशेषज्ञ वा एम.डी. इन जेनेरल प्राक्टिस (एमडिजीपी) विशेषज्ञ तोकी नाम र सम्पर्क नम्बर सरकारी स्वास्थ्य संस्थाहरूमा उपलब्ध गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ञ) सूचना सङ्कलन गर्ने र महिलाहरूको लागि निःशुल्क हवाई उद्धार कार्यक्रमको स्वास्थ्य संस्थाहरूमा प्रचार प्रसार गर्ने,

(ट) स्वास्थ्य संस्था वा अस्पतालहरूसँग समन्वय र सहकार्य गर्ने,

(ठ) हवाई उद्धारसँग सम्बन्धित निकायसँग समन्वय गरी हवाई उद्धारलाई प्रभावकारी बनाउने र यससँग सम्बन्धित अन्य आई परेका कार्यहरू गर्ने।

१२. **<u>बिरामी प्रेषण गर्ने स्वास्थ्य संस्था वा अस्पताल वा स्वास्थ्यकर्मी वा चिकित्सकको भूमिकाः</u>** महिलाहरूको हवाई सेवाबाट उद्धार गर्ने प्रक्रियामा प्रेषण वा सिफारिस गर्ने स्वास्थ्य संस्था वा अस्पताल वा स्वास्थ्यकर्मी वा चिकित्सकको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सेवाग्राही गर्भवती तथा प्रसूति अवस्थाको महिलाको जाँचको अभिलेखीकरण गरी स्वास्थ्य अवस्थाको विश्लेषण गर्ने,

(ख) अनुसूची- १ मा तोकिएको अवस्था देखा परेमा समन्वय समितिबाट तोकिएका स्त्री तथा प्रसूति रोग विशेषज्ञसँग परामर्श गर्ने,

(ग) स्त्री तथा प्रसूति रोग विशेषज्ञले तत्काल हवाई उद्धार गर्नु पर्छ भनी परामर्श दिएमा प्रेषण पुर्जी सहित हवाई उद्धार सेवाको लागि अनुसूची-४ अनुसारको सिफारिस तयार गर्ने,

(घ) हवाई सेवाबाट उद्धार गर्नुपर्ने गर्भवती तथा प्रसूति अवस्थाका महिलाको जोखिमको अवस्था मूल्याङ्कन गरी साथमा जानु पर्ने स्वास्थ्यकर्मी, गर्भवती तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रसूति अवस्थाका महिलाको नजिकको नातेदारको नामावली, सम्पर्क नं. तथा साथमा लैजानु पर्ने अत्यावश्यक औषधिहरु तयार गर्ने,

(ङ) स्थानीय तहसँगको समन्वय र सहकार्यमा हवाई सेवाबाट उद्धार गर्नु पर्ने गर्भवती तथा प्रसूति अवस्थाका महिलालाई प्रेषण गरिएको स्वास्थ्य संस्था वा अस्पताल वा स्थान देखि हेलिप्याडसम्म लैजाने व्यवस्था मिलाउने,

(च) हवाई सेवा उद्धार कार्यलाई सहजीकरण गर्न आवश्यक अन्य कार्यहरू गर्ने।

१३. **<u>स्थानीय तहको भूमिकाः</u>** ज्यान जोखिममा परेका गर्भवती तथा प्रसूति अवस्थाका महिलाहरूको हवाई सेवाबाट उद्धार गर्ने प्रक्रियामा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहभित्र रहेका हेलीप्याडहरूलाई अद्यावधिक गरी राख्ने,

(ख) स्वास्थ्य संस्था वा अस्पताल देखि हेलीप्याडसम्मको आवागमन अवस्थालाई चुस्त-दुरुस्त अवस्थामा राख्ने,

(ग) ज्यान जोखिममा परेका गर्भवती तथा प्रसूति अवस्थाका महिलाहरूको हवाई सेवा उद्धारको लागि स्वास्थ्य संस्था वा अस्पताल देखि हेलिप्याडसम्म पुऱ्याउने व्यवस्था मिलाउने,

(घ) हवाई सेवाबाट उद्धार गरिएकी गर्भवती तथा सुत्केरी महिलाको साथमा यात्रा गर्ने स्थानीय तहको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

स्वास्थ्यकर्मीको भ्रमण खर्च तथा अन्य खर्चको सोधभर्ना प्रचलित नियमानुसार उपलब्ध गराउने,

(ङ) प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

(च) निर्देशनालयसँग हवाई सेवा उद्धार कार्यक्रमसँग सम्बन्धित विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने।

१४. <u>**हवाई उद्धार सेवा प्रदायक संस्थाको भूमिकाः**</u> ज्यान जोखिममा परेका गर्भवती तथा प्रसूति अवस्थाका महिलाको हवाई सेवाबाट उद्धार गर्ने प्रक्रियामा हवाई सेवा प्रदान गर्ने संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) निर्देशनालयबाट निर्देशन प्राप्त हुनासाथ हवाई सेवा प्रदायक संस्थाले जतिसक्दो छिटो आफ्नो हवाई साधन तोकिएको स्थानमा पठाई ज्यान जोखिममा परेका गर्भवती तथा प्रसूति अवस्थाका महिलालाई तत्काल प्रेषण गरिएको स्वास्थ्य संस्था वा अस्पतालमा पुर्‍याउने व्यवस्था मिलाउने,

(ख) हवाई उद्धार सेवा प्रदान गर्दा उद्धार गर्नु पर्ने गर्भवती तथा प्रसूति अवस्थाका महिलाको स्वास्थ्य अवस्था हेरी १ जना स्वास्थ्यकर्मी र रेखदेखका लागि एकाघरका सदस्य वा नजिकको संरक्षक १ जना गरी २ जनालाई साथमा लैजाने व्यवस्था मिलाउने,

(ग) हवाई उद्धार सेवा प्रदान गरिएको विवरण अभिलेखीकरण गरी राख्ने र सो अभिलेख निर्देशनालयमा उपलब्ध गराउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१५. **<u>बिरामी प्राप्त गर्ने स्वास्थ्य संस्था वा अस्पतालको भूमिका</u>**ः हवाई सेवाबाट उद्धार गरी ल्याइएका महिलाको उपचारको लागि तोकिएका स्वास्थ्य संस्था वा अस्पतालको भूमिका देहाय बमोजिम हुनेछः-

(क) हवाई सेवाबाट उद्धार गरिएको महिलाको उपचार व्यवस्थापनको लागि १ जना सम्पर्क व्यक्ति तोक्ने,

(ख) हवाई साधन अवतरण भएको स्थानबाट महिलालाई स्वास्थ्य संस्था वा अस्पतालसम्म पुर्याउनको लागि एम्बुलेन्स सेवा उपलब्ध गराउने,

(ग) निर्देशनालयको समन्वय र सहकार्यमा हवाई उद्धार गरिएको महिलाको निःशुल्क उपचारको व्यवस्था मिलाउने,

(घ) भर्ना भई उपचार सेवा लिएको महिलाको भर्ना भएदेखि डिस्चार्ज भएसम्मको विवरण निर्देशनालयमा पठाउने,

(ङ) हवाई सेवाबाट उद्धार गरिएको महिलाको तत्काल उपचार व्यवस्थापनको लागि आवश्यक अन्य कार्य गर्ने गराउने।

## परिच्छेद- ५

## <u>भुक्तानी सम्बन्धी व्यवस्था</u>

१६. **<u>हवाई सेवा प्रदायक संस्थालाई भुक्तानी</u>**ः महिलालाई हवाई उद्धार सेवा प्रदान गरे बापत हवाई सेवा प्रदायक संस्थालाई रकम भुक्तानी गर्न देहाय बमोजिमको प्रक्रिया हुनेछः-

(क) हवाई सेवा प्रदायक संस्थाले हवाई उद्धार सेवा प्रदान गरिसकेपछि प्राप्त भएको आदेशपत्र, हवाई उडान

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुमतिको निस्सा, उडान कल साइन, उडान गर्दाको समय, अवतरण गरेको समय, उडान अवधि लगायत आवश्यक पर्ने सम्पूर्ण विवरण संलग्न राखी भुक्तानीको लागि सक्कल बिल भर्पाई सहितको निवेदन वा पत्र निर्देशनालयमा पेश गर्नुपर्नेछ।

(ख) खण्ड (क) बमोजिमको बिल भर्पाई सहितको निवेदन वा पत्र र कागजात प्राप्त भएपछि बिल भर्पाई सहितको निवेदन वा पत्र र कागजात विश्लेषण गरी सम्झौता अनुसारको रकम सम्बन्धित हवाई सेवा प्रदायक संस्थाको बैक खाता मार्फत निर्देशनालयले भुक्तानी गर्नुपर्नेछ।

## परिच्छेद- ६

## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

१७. **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः** ज्यान जोखिममा परेका गर्भवती तथा प्रसूति अवस्थाका महिलाको हवाई सेवा उद्धार कार्यको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) महिलाले हवाई उद्धार सेवा र आवश्यकता अनुसार उपयुक्त उपचार सेवा पाए नपाएको सम्बन्धमा र निर्देशनालयले अनुगमन गर्नु पर्नेछ,

(ख) महिलाको हवाई उद्धार सम्बन्धी कार्यको समीक्षा तथा मूल्याङ्कनको आधारमा आवश्यकता अनुसार उद्धार कार्यलाई परिमार्जन गर्दै लानु पर्नेछ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) हवाई उद्धार सम्बन्धी कार्यको विवरण निर्देशनालयले मन्त्रालयमा अद्यावधिक गरी पठाउनु पर्नेछ र मन्त्रालयले सो विवरणलाई सार्वजनिक गर्नुपर्नेछ,

(घ) निर्देशनालयले हवाई उद्धार सेवा प्रदायक संस्थाबाट समय-समयमा हवाई भाडा समेत अद्यावधिक गरी राख्नुपर्नेछ,

(ङ) स्वास्थ्य कार्यालयले हवाई उद्धार गरिएका महिलाहरूको विवरण अभिलेख गरी निर्देशनालयमा पठाउनु पर्नेछ,

(च) निर्देशनालयले हवाई उद्धार गरिएका महिलाहरूको विवरण र खर्चको फाँटवारी त्रैमासिक रूपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद- ७

## विविध

१८. **विविध** (१) यस कार्यविधिको कार्यान्वयन गर्दा नेपाल सरकारले बनाएको "दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७" सँग दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खराब मौसमका कारण महिलाको तत्काल प्रेषण वा सिफारिस गरिएको स्वास्थ्य संस्था वा अस्पतालमा लैजान सकिने अवस्था नभएमा समन्वय समितिले निर्णय गर्न सक्ने अवस्था भएमा समन्वय समितिको निर्णय र त्यसरी समन्वय समितिले समेत निर्णय गर्न सक्ने अवस्था नभएमा समन्वय समितिको संयोजकको निर्णय अनुसार खराब मौसमका बाबजुद पनि अनुसूची-२ बमोजिमको पुऱ्याउन

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

सकिने अन्य सुविधा सम्पन्न कुनै पनि स्वास्थ्य संस्था वा अस्पतालमा महिलालाई प्रेषण वा सिफारिस गर्न सकिनेछ।

१९. **<u>आकस्मिक दुर्घटना भएको मानिने</u>**ः (१) प्रेषण वा सिफारिस गरिएको स्वास्थ्य संस्था वा अस्पताल बाट महिला प्रस्थान गरेपछि हवाई सेवाबाट उद्धारको क्रममा निज महिला र नवजात शिशुको मृत्यु हुन गएमा सो मृत्युलाई आकस्मिक दुर्घटना भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम महिला र नवजात शिशुको मृत्यु हुन गएमा कसैले कुनै प्रकारको क्षतिपूर्ति दाबी गर्न पाउनेछैन।

२०. **<u>कार्यविधि संशोधन</u>**ः यस कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले संशोधन गर्न सक्नेछ।

२१. **<u>अनुसूची हेरफेर गर्ने</u>**ः मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस कार्यविधिको अनुसूचीमा आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ।

२२. **<u>आवश्यक व्यवस्था मिलाउने:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या परेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने छ।

२३. **<u>खारेजी र बचाउ</u>**ः (१) ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको लागि निःशुल्क हवाई उद्धार सेवा सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको लागि निःशुल्क हवाई उद्धार सेवा सम्बन्धी कार्यविधि, २०८० बमोजिम भए गरेका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

# अनुसूची– १

(दफा ५ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

## ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको अवस्था

१. लगातार लामो (१८ घण्टा भन्दा बढि) प्रश्रव व्यथा लागेर बच्चा जन्मन कठिनाई भएको (Prolonged Labor, Obstructed Labor),

२. बच्चाको हात, खुट्टा वा शरीर पहिला बाहिर निस्किएर बच्चा जन्मन कठिनाइ भएको,

३. बच्चा जन्मे पछिको ३० मिनेटसम्म पनि सालनाल ननिस्केको (Retained Placenta),

४. गर्भधारण गरेको २० हप्ता पछि गर्भमा नै बच्चाको मृत्यु भएको,

५. गर्भवती महिलाको हात, खुट्टा र शरिर अधिक सुन्निएको,

६. गर्भवती अवस्थामा रक्त श्राव (Antepartum Haemorrhage-APH) भएको,

७. प्रसुति भए पछिको अवस्थामा रक्त श्राव (Postpartum Haemorrhage-PPH) भएको,

८. Severe Pre-eclampsia & Eclampsia भएको,

९. पाठेघर फुटेको लक्षण देखिएको (Ruptured Uterus),

१०. Ruptured Ectopic Pregnancy भएको,

११. बच्चा जन्मेको २४ घण्टाभित्र बच्चामा Severe Birth Asphyxia, Acute Respiratory Distress Syndrome (ARDS), Neonatal Sepsis, Meconium Aspiration Syndrome भएमा,

१२. रक्तअल्पता भएको गर्भवती तथा सुत्केरी महिलालाई Blood Transfusion गर्नु पर्ने भएमा,

१३. Severe Polyhydramnios with Respiratory Distress भएको,

१४. Bleeding Molar Pregnancy भएको,

१५. Severe Sepsis भएको,

१६. Abortion को Complication भएको (incomplete abortion with severe anemia and haemorrage) भएको,

१७. गर्भावस्था वा सुत्केरी अवस्थामा आकस्मिक रुपमा देखिने जटिल समस्याहरु (Amniotic Fluid Embolism, Eclampsia and Seizure Disorder, Pulmonary Embolism, Myocardial Dysfunction, Peripartum Cardiomyopathy, Arrhythmia) देखिएको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- २

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

**ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाईप्रेषण/सिफारिसको लागि तोकिएका अस्पतालहरु**

१. परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, थापाथली, काठमाण्डौ
२. त्रिभुवन विश्व विद्यालय, शिक्षण अस्पताल, महाराजगंज, काठमाण्डौ
३. भरतपुर अस्पताल, भरतपुर, चितवन
४. बागमती प्रदेश सरकारका प्रादेशिक अस्पतालहरू
५. धुलिखेल अस्पताल, धुलिखेल, काभ्रेपलान्चोक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- ३

(दफा ६ को खण्ड (ख) सँग सम्बन्धित)

**<u>महिला वा निजको एकाघर वा निजको नजिकको आफन्तले हवाई उद्धार गर्न दिने</u>**

**<u>निवेदनको ढाँचा</u>**

मितिः..............

श्रीमान् प्रमुखज्यू

..................स्वा.चौकी/प्रा.स्वा.के./अस्पताल

...................महानगर/उप-महानगर/नगर/गाउ पालिका

........................जिल्ला

<u>विषयः हवाई उद्धार सेवा उपलब्ध गराइदिने सम्बन्धमा।</u>

म/मेरो ....................... लाई यस स्वास्थ्य संस्था/अस्पतालमा उपचार हुन नसक्ने बुझिएको र निजको ज्यान जोखिममा पर्न सक्ने भएकोले निज र बच्चाको ज्यान बचाउन तत्काल यो भन्दा सुविधायुक्त स्वास्थ्य संस्था/अस्पतालमा लैजानका लागि छिटो यातायातको साधन हवाई उद्धार सेवाको सिफारिस र व्यवस्था गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

**<u>निवेदक</u>**

हस्ताक्षर .............................

नाम थरः..................................

ठेगानाः.....................................

सम्पर्क मोबाइल नं.

**<u>संलग्न गर्नु पर्ने कागजातहरू</u>**

१. नेपाली नागरिकता वा परिचय खुल्ने सरकारी निकायबाट जारी भएको अन्य प्रमाणपत्रको प्रतिलिपि

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- ४

(दफा १२ को खण्ड (ग) सँग सम्बन्धित)

## हवाई उद्धार सेवाको लागि स्वास्थ्य संस्था/अस्पतालले दिने सिफारिस पत्रको ढाँचा

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
.............स्वास्थ्य संस्था/अस्पताल
................ जिल्ला/महानगर/उप-महानगर/नगर/गाउ पालिका

मितिः.....................

विषयः हवाई उद्धार सेवा उपलब्ध गराइदिने सम्बन्धमा।

श्री स्वास्थ्य निर्देशनालय
बागमती प्रदेश, हेटौंडा, नेपाल।

...............जिल्ला/महानगर/उप-महानगर/नगर/गाउपालिका निवासी वर्ष.........कि श्री..........................लाई उपचार गराई रहेको/उपचार गराउन ल्याएकोमा "गर्भवती तथा सुत्केरी अवस्थाका ज्यान जोखिममा परेका महिलाको निः शुल्क हवाई उद्धार सेवा सम्बन्धी कार्यविधि, २०८०" को अनुसूची-१ मा उल्लेख भए बमोजिम ..................................... को अवस्था भई निजको गर्भवती तथा सुत्केरी सम्बन्धी उपचार यस स्वास्थ्य संस्था/अस्पतालमा हुन नसकी ज्यान जोखिममा परेकोले गर्भवती र बच्चाको ज्यान बचाउन तत्काल सुविधायुक्त स्वास्थ्य संस्था/अस्पतालमा लैजान जरुरी रहेको छ। तसर्थ उक्त कार्यविधिको दफा १२ बमोजिम ............................लाई हवाई उद्धार सेवाको व्यवस्था मिलाइ दिनुहुन सिफारिस साथ अनुरोध गर्दछु।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

हस्ताक्षरः ..................................

नाम थरः ...................................

पदः ..........................................

सम्पर्क नं.ः ..................................

ईमेल ठेगाना: .............................

<u>संलग्न कागजातहरू</u>

१. हवाई सेवाबाट उद्धार गर्नुपर्ने महिला वा निजको एकाघर वा नजिकको आफन्तले दिएको निवेदन
२. नेपाली नागरिकता वा परिचय खुल्ने सरकारी निकायबाट जारीभएको अन्य प्रमाणपत्रको प्रतिलिपि
३. सेवाग्राही महिलाको बिरामीको Prescription पूर्जी
४. प्रेषण गरिएको पूर्जी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश